**आकाशवाणी**

**मुख्य समाचार :-**

- **प्रधानमन्त्रीले गुजरातमा आयोजित रण उत्सवको गर्नुभयो सराहना**
- **केन्द्र सरकारले निवेशकलाई पूर्वात्तर क्षेत्रमा निवेश गर्नका लागि प्रोत्साहित गरिरहेको गृह मन्त्रीको भनाई**
- **केन्द्रीय वित्त मन्त्रीले बजेट पूर्व परामर्श बैठकको गर्नुभयो अध्यक्षता**
- **केन्द्र सरकार र ए.डी.बी-ले पैंतिस करोड़ डलरको नीतिगत ऋण समझौतामा गऱ्यो हस्ताक्षर**
- **भारत र West Indies- को तीन एकदिवसीय क्रिकेट म्याच श्रृंखलाको पहिलो म्याच भोली वडोदरामा खेलिने**

**प्रधानमन्त्री- रण उत्सव**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गुजरातको कच्छ को Dhordo -मा आयोजित **रण उत्सवको** सराहना गर्नुभयो । सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले भन्नुभएको छ, यो उत्सव **कच्छ**को परम्परा, संस्कृति र जनसंख्याको प्रतीक हो, जसले हरेकलाई आकर्षित गर्छ । उहाँले भन्नुभयो, यो उत्सवले आफ्नो अद्भुत शिल्प बाजार, सांस्कृतिक कार्यक्रम र खान-पानको परम्पराको माध्यमले आगन्तुकलाई आजीवन नबिर्सने अनुभव प्रदान गर्दछ। श्री मोदीले मानिसलाई आफ्नो जीवन-कालमा एक पल्ट भएपनि परिवारसंग रण उत्सवमा अवश्य भाग लिने अपील पनि गर्नुभयो।

**27. अमित शाह-एनईसी**

आज त्रिपुराको राजधानी **अगरतलामा** पूर्वोत्तर परिषदको **बहत्तरौं** पूर्ण सत्रमा गृह मन्त्री श्री अमित शाहले भन्नुभएको छ, पछिलो दस वर्ष पूर्वोत्तरका लागि धेरै महत्वपूर्ण रहेको छ र केन्द्र सरकारले निवेशकलाई पूर्वात्तर क्षेत्रमा निवेश गर्नका लागि प्रोत्साहित गरिरहेको छ । श्री शाहले भन्नुभयो , पहिला पूर्वोत्तरको कुरा मात्र हुनथ्यो, तर प्रधानमन्त्री श्री मोदीले यस क्षेत्रका लागि ईमानदारीता पूर्वक प्रयास गर्नुभएको छ । उहाँले भन्नुभयो , क्षेत्रमा सबैभन्दा महत्वपूर्ण उपलब्धि यहाँ शान्ति स्थापित हुनु हो। श्री शाहले भन्नुभयो, देश र सम्पूर्ण विश्वमा **अष्ठ लक्ष्मी** अवधारणालाई अपनाइदैछ । केन्द्रीय गृह मन्त्रीले भन्नुभयो, प्रधानमन्त्री र भारतीय जनता पार्टीको नेतृत्व भएको सरकारको उद्देश्य पूर्वोत्तरलाई देशका अन्य हिस्साको बराबरमा ल्याउनु हो । यस अवसरमा पूर्वोत्तर क्षेत्र विकास मन्त्री श्री **ज्योतिरा दित्य सिन्धिया-** ले पूर्वोत्तर क्षेत्रमा उग्रवाद र हिंसामा आएको भारी गिरावटको श्रेय गृहमन्त्री श्री अमित शाहको भूमिकालाई दिनुभएको छ। उहाँले भन्नुभयो , यस क्षेत्रमा उग्रवादी गतिविधीमा एकहत्तर प्रतिशतको गिरावट आएको छ र मानव जीवनको क्षतिमा साठ्ठी प्रतिशतको कमी आएको छ ।

**सीतारामन- बजट पूर्व परामर्श**

केन्द्रीय वित्त र करपोरेट कार्य मन्त्री श्रीमती निर्मला सीतारामनले हिजो साँझ राजस्थानको **जैसल मेरमा** राज्य र केन्द्र शासित प्रदेशका वित्त मन्त्रीहरूका साथ बजेट पूर्व परामर्श बैठकको अध्यक्षता गर्नुभयो । बैठकमा वित्तीय वर्ष दुई हजार पचिस – छबीसको केन्द्रीय बजेटका लागि केन्द्रीय वित्त मन्त्रीलाई सुझाव दिइएको छ । यस अवसरमा श्रीमती सीतारामनले भन्नुभएको छ, राम्रो आर्थिक वातावरण, कर संग्रहमा उत्साह र दक्षताका कारण, पन्द्रहौं वित्त आयोग अन्तर्गत अप्रेल दुई हजार एकाइस देखी दिसम्बर दुई हजार चौबीस सम्म राज्यलाई जो राशि दिइएको छ, त्यो पछिलो वित्त आयोग अन्तर्गत वर्ष दुई हजार पन्द्रह देखी दुई हजार बिस सम्म राज्यलाई दिएको राशि भन्दा अधिक छ। उहाँले पूनजी निवेशका लागि राज्यको विशेष सहायता योजनाको पनि उल्लेख गर्नुभयो जसलाई पहिलो पल्ट केन्द्रीय बजेट दुई हजार बिस – एकाइसमा घोषित गरिएको थियो ।

**ध्यान दिवस- विश्वव्यापी**

आज विश्व भरी नै भारतीय दूतावासले मानसिक र शारीरिक स्वास्थ्यका लागि ध्यान दिवसको आयोजना गरे । संयुक्त राष्ट्रमा भारतले **संयुक्त राष्ट्र ट्रस्टी शिप परिषदमा** वैश्विक शान्ति र सद्भावका लागि ध्यान कार्यक्रमको आयोजना गऱ्यो । संयुक्त राष्ट्रमा भारतको स्थायी प्रतिनिधि श्री पी. हरीशले भन्नुभयो, भारतमा प्राचीन काल देखी नै ध्यानको परम्परा रहेको छ र यो आन्तरिक शान्ति तथा **समरसताको** माध्यम हो। लाओसमा भारतीय दूतावासमा भारतका राजदूत श्री प्रशान्त अग्रवालले शान्ति, समरसता र व्यक्तिगत कल्याणका लागि ध्यान अपनाउने अपील गर्नुभयो । कार्यक्रममा मानिसले ध्यानको सरल तकनीको अभ्यास गरे । संयुक्त राष्ट्रसंघले डिसेम्बर एकाइसलाई विश्व ध्यान दिवसका रुपमा मनाउन भारतले महत्वपूर्ण भूमिका खेलेको दूतावासले जनाएको छ ।

**सरकार-ए.डी.बी.**

केन्द्र सरकार र एशियाई विकास ब्याङ्क-ए.डी.बी-ले पैतिस करोड़ डलरको नीतिगत ऋण समझौतामा हस्ताक्षर गरेको छ । यो ऋण **Multimodal and Integrated Logistics Ecosystem**-लाई बलियो गर्ने दोस्रो कार्यक्रमको हिस्सा हो। यस कार्यक्रमका माध्यमद्वारा सरकारले देशको लेजिस्टिक क्षेत्रमा सुधार गरिरहेको छ । यसमा अन्य कार्यक्रम पनि शामेल छ, जसको उद्देश्य आपूर्ति श्रृंखलाको लचीलोपनमा सुधार गर्नु र विनिर्माण क्षेत्रमा तेज ल्याउनु हो। यो ऋण समझौतामा आर्थिक कार्य विभाग, उद्योग र आन्तरिक व्यापार सम्वर्धन विभाग र एशियाई विकास ब्याङ्कले हस्ताक्षर गरेको छ । वाणिज्य र उद्योग मन्त्रालयले बयानमा भनेको छ, भारतको लोजिस्टिक क्षेत्रको विकास, विनिर्माण क्षेत्रमा प्रतिस्पर्धा बढ़ाउनका लागि महत्वपूर्ण छ ।

**प्रवर्तन निदेशालय-बीआरएस नेता**

प्रवर्तन निदेशालय-**ई.डीले** भारत राष्ट्र समिति-बी.आर.एस-का नेता र पूर्व मन्त्री **श्री के. तारकरामा राव** अनि केही अन्य मानिस विरूद्ध धनशोधन संग सम्बन्धित मामिला दर्ता गरेको छ । यो मामिला पछिलो वर्ष हैदराबादमा ई-कार रेसमा धन भुगतानमा कथित अनियमितता संग जोड़ीएको छ । सरकारी सूत्रले बताएको अनुसार यो मामिला तेलङ्गाना पुलिसको भ्रष्ट्राचार रोधी ब्यूरो द्वारा दर्ता एफ.आई.आर.- धनशोधन निवारण अधिनियमको विभिन्न धारा अन्तर्गत पंजीकृत गरिएको छ । यस बीच तेलंगाना उच्च न्यायालयले हिजो साँझ एउटा अन्तरिम आदेशमा **श्री तारकरामा राव**-लाई तीस दिसम्बर सम्म गिरफ्तार गर्ने निर्देश दिएको छ । अन्य आरोपीहरूमा नगर निगम प्रशासन र शहरी विकासका पूर्व प्रधान सचिव श्री अरविन्द कुमार अनि हैदराबाद **मेट्रो पोलिटन** विकास प्राधिकरणका पूर्व मुख्य अभियन्ता श्री **बी.एल.एन**. रेड्डी शामेल छन् ।

**मन्त्रिमण्डल**

आर्थिक मामिलाको मन्त्री मण्डलीय समितिले दुई हजार पचीस मौसमका लागि खोपराको न्यूनतम समर्थन मूल्य-**एम.एस.पी** –लाई स्वीकृती दिएको छ । मन्त्रीमण्डलको बैठक पछि हिजो साँझ नयाँ दिल्लीमा मीडियालाई जानकारी दिँदै सूचना अनि प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभयो, एन.डी.ए. सरकारले किसानको कल्याणका लागि केही निर्णय लिएको छ । उहाँले भन्नुभयो, यो किसानको जीवन सुधारने दिशामा एन.डी.ए. सरकारको प्रतिबद्धताको प्रतीक हो। श्री वैष्णवले भन्नुभयो , उचित औसत गुणवत्ताको **मिलिंग खोपराको** न्यूनतम समर्थन मूल्य एघार हजार पाँच बयासी रुपियाँ प्रति क्वीन्टल र बल खोपराको मूल्य बाह्र हजार एक सय रुपियाँ प्रति क्विन्टल निर्धारित गरिएको छ।

**महिला क्रिकेट**

भारत र West Indies- को महिला क्रिकेट टीम  बीच तीन एकदिवसीय क्रिकेट म्याचको  श्रृंखलाको पहिलो म्याच भोली वडोदरामा खेलिनेछ । यो म्याच दिनमा डेढ़ बजी शुरू हुनेछ । टी-20 श्रृंखलामा शानदार प्रदर्शन पछि स्मृति मङ्धानाको कप्तानीमा भारतीय टीमको यो श्रृंखलामा पनि राम्रो  खेलको आशा छ ।

**मुख्य समाचार फेरी एक पल्ट :-**

- **प्रधानमन्त्रीले गुजरातमा आयोजित रण उत्सवको गर्नुभयो सराहना**
- **केन्द्र सरकारले निवेशकलाई पूर्वात्तर क्षेत्रमा निवेश गर्नका लागि प्रोत्साहित गरिरहेको  गृह मन्त्रीको भनाई**
- **केन्द्रीय वित्त मन्त्रीले बजेट पूर्व परामर्श बैठकको गर्नुभयो  अध्यक्षता**
- **केन्द्र सरकार र ए.डी.बी-ले पैतिस करोड़ डलरको नीतिगत ऋण समझौतामा  गऱ्यो हस्ताक्षर**
- **भारत र West Indies- को तीन एकदिवसीय क्रिकेट म्याच श्रृंखलाको पहिलो म्याच भोली वडोदरामा खेलिने**